आज मिति २०७९ साल जेष्ठ २३ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइराला ज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा ११५ औं बैठक सम्पन्न गरियो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्री काजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | राधा |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवति देवि वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका भट्टराई/अधिकारी | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | सुक मायां |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | दिवाकर पौडेल | सदस्य सचिव | |

अन्य उपस्थिति:

| | | |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

## नगर-कार्यपालिकाको मिति २०७९/०२/२३ गते बसेको ११५ औं बैठकका निर्णयहरु :

सुन्दरबजार नगरपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**निर्णय नं १**

नगरपालिकाबाट हाल सम्म सम्पादित कार्यको बारेमा बैठकमा प्रमुख प्रशासकीय अधिकृतबाट भएको प्रस्तुतीको समिक्षा गरियो । साथै नगरपालिकाबाट भएका असल कार्यको अनुसरण गर्दै थप जनमैत्री सेवा प्रवाह र विकास निर्माणका कार्यहरु प्रभावकारी बनाउदै अगाडि बढ्ने निर्णय गरियो ।

**निर्णय नं २**

सुन्दरबजार नगर कार्यपालिकाका निवर्तमान नगर प्रमुख, उप प्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य र नगर सभा सदस्यहरुलाई ५ बर्षे कार्यकालमा नगरपालिकाको सर्वाङ्गीण विकास निर्माण र जनमैत्री सेवा प्रवाहमा पुऱ्याउनु भएको योगदानको उच्च मुल्याङ्कन गर्दै धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

मिति २०७९।०१।३० गते सम्पन्न स्थानीय तह सदस्य निर्वाचन, २०७९ सम्पन्न गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने निर्वाचनमा खटिने सम्पूर्ण कर्मचारीहरु, सुरक्षाकर्मीहरु तथा आफ्नो मताधिकार प्रयोग गरि नगरपालिकाका सम्पुर्ण पदाधिकारीहरुको चयन गर्नु हुने सम्पुर्ण मतदाता तथा सुन्दरबजार नगरवासीहरुमा हार्दिक आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

यस नगरपालिका वडा नं ६ स्थित पण्डित बन्धु समाजले यस नगरपालिकालाई निशुल्क रुपमा उपलब्ध गराएको ७ आना क्षेत्रफल भएको जग्गा सु.न.पा ६ निवासी श्री देवी प्रसाद पण्डितको नाममा सट्टा पट्टा गरी निजको नाममा जग्गाधनी दर्ता प्रमाण पुर्जा रहेको कि.नं ७६४ को ७ आना क्षेत्रफल रहेको जग्गा नगरपालिकाको नाममा दर्ता कायम गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । साथै नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि जग्गा प्राप्तिको क्रममा जग्गादाताहरु जग्गा नामसारीको लागि आउदा जाँदा लागेको यातायात खर्च, खाना खाजा खर्च, सिफारिस तथा रजिट्रेशन दस्तुर लगायतका काममा हुन गएको खर्च रकम रु. १,५०,०००। (अक्षरेपी एक लाख पचास हजार मात्र) विविध चालु शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय प्रमाणित

२०७९/२/२३

दिबाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ५**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६५ बमोजिम गठन हुने स्थानीय राजश्व परामर्श समितिमा कार्यापालिकाबाट मनोनयन हुने सदस्यहरुमा देहायका पदाधिकारी मनोनयन गर्ने निर्णय गरियो ।

**देहाय**

क) वडा नं ७ अध्यक्ष श्री जय राम रेग्मी
ख) कार्यपालिका सदस्य श्री राधिका अधिकारी भट्टराई

**निर्णय नं ६**

सुन्दरबजार नगरपालिका वडा नं ३, चन्द्रेश्वरमा निर्माणाधिन चन्द्रेश्वर आधारभुत अस्पतालको जग्गामा रहेको ११ के.भि लाईनको विद्युतिय संरचनाको कारण अस्पताल निर्माण कार्यमा अवरोध सिर्जना भएकोले उक्त विद्युतिय संरचना स्थानान्तरण गर्न नेपाल विद्युत प्राधिकरणमा अनुरोध गर्दा प्राधिकरणबाट स्थानान्तरणका लागि रु ४,६५,३९९।८०(अक्षरेपी चार लाख पैसठ्ठी हजार तिन सय उनानसय रुपैंया असी पैसा मात्र)लाग्ने भनी लागत स्टमेट पठाएको साथै उक्त रकम प्राधिकरणको धरौटी खातामा जम्मा भएपछि मात्र कार्य गर्न सकिने भनी लेखी आएकोले उक्त रकम उपयुक्त शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ७**

मिति २०७९/०४/०१ गते देखि लागु हुने गरि नगरपालिका भित्र रहेका गर्भवती महिलालाई सुरक्षित प्रसुती सेवा उपलब्ध गराउन नगरपालिका भित्रका स्वास्थ्य संस्था र बढीमा जिल्ला अस्पताल, बेशिसहर सम्म लैजादाको एम्बुलेन्स सेवा शुल्क नगरपालिकाले व्यहोर्ने निर्णय गरियो । साथै सुन्दरबजार नगरबासीहरुको परिबारमा जन्मने बच्चाको ३५ दिन भित्र अनिवार्य रुपमा जन्मदर्ता गर्न लगाउने र जन्मने नाबालक छोरीको नाममा रु २०००।(अक्षरेपी दुई हजार मात्र) को २० बर्षे मुद्धती खाता खोल्ने निर्णय गरियो ।

**निर्णय नं ८**

पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय पालुङटार, गोरखाको च.नं ६३५ मिति २०७९/०२/१७ गतेको पत्र अनुसार लमजुङ जिल्लामा ठेक्का नं MIDHLPD/337011144/-078/70-303 widening and improvement of puspalal (midhill) highway along paudihik-sundarbazar-kirinche-road section lamjung मिति २०७८/१२/२९ मा सम्झौता भइ हाल निर्माण व्यवसायीले काम सुरु गर्नको लागि paudihik-sundarbazar-kirinche-road section मा आवश्यक पर्ने नदिजन्य पदार्थ पाँउदि खोला, मर्स्याङ्दी नदि तथा अन्य खोलाबाट निर्माण सामाग्री उपलब्ध गराउन समन्वयका लागि अनुरोध भई आएकोमा प्राविधिक रोहवरमा वडा अध्यक्ष सहित सरोकारवालाहरु सँग समन्वय गर्दै उक्त काम अगाडि बढाउने निर्णय गरियो ।

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**निर्णय नं ९**

सुन्दरबजार नगरपालिका भित्रका विद्यालय व्यवस्थापन समिति गठनको सम्बन्धमा सुन्दरबजार नगरपालिकाको शिक्षा ऐन, २०७५ तथा सुन्दरबजार नगरपालिकाको शिक्षा ऐन, २०७५ लाई संसोधन गर्न बनेको ऐन, २०७८ राजपत्रमा प्रकाशित भएको सन्दर्भमा संसोधित व्यवस्था अनुसार नयाँ विद्यालय व्यवस्थापन समिति गठन नभए सम्मको लागि नवनिर्वाचित वडा अध्यक्षले विद्यालय व्यवस्थापन समितिको अध्यक्षको रुपमा रहि कामकाज गर्ने निर्णय गरियो ।

**निर्णय नं १०**

यस नगरपालिका भित्र हाल सम्म शवबाहन नरहेको कारण मरणघाट सम्म शव पुऱ्याउनको लागि समस्या भएको अवस्थालाई मध्यनजर गर्दै नगरपालिकामा रहेका दुई वटा बस मध्ये एउटा बसलाई अर्को व्यवस्था नभए सम्मको लागि शवबाहनको रुपमा प्रयोग गर्ने व्यवस्थाका लागि शवबाहन संचालन सम्बन्धी थप अध्ययन गर्दै कार्यविधि निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

मिति २०७९/०१/३० गते सम्पन्न स्थानीय तह सदस्य निर्वाचनको मतगणना कार्यलाई समेत मध्यनजर गर्दै कार्यपालिका हल लगायत कार्यालयमा जडान गरिएको ए.सीको रकम रु ७,११,९००। (अक्षरेपी सात लाख एघार हजार नौ सय मात्र) गत वर्षको शशर्त अनुदान, कर लगायतका फिर्ता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं १२**

सु.न.पा ५ स्थित ग्यागदी खोलामा रहेको पुलमा अविरल वर्षाको कारण क्षति पुगेको र उक्त क्षति न्युनिकरणको लागि ग्याविन जाली भर्ने तथा फलामे पुलमा पिलर दिने र फलामे पुल मर्मत गर्दा लागेको खर्च बापतको रकम रु. १,०२,७५६।(अक्षरेपी एक लाख दुई हजार सात सय छपन्न रुपैंया मात्र) विपद व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय प्रमाणित

२०७९।४।२२

दिबाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत